# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

त्रिपुरेश्वर, काठमाडौं

(प्रकाशित मिति २०८१ मङ्सिर १९ गते)

## उद्यम संवर्द्धन कार्यक्रमका लागि आवेदन पेश गर्नेसम्बन्धी सूचना

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको आयोजना र इम्प्याक्ट हब काठमाडौंको प्राविधिक सहयोगमा उद्यम संवर्द्धन कार्यक्रम सञ्चालन हुने भएकाले इच्छुक स्टार्टअप उद्यमी, साना तथा मझौला उद्यमीहरूले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र तपसिल अनुसारको ढाँचामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

### १. आवेदकको योग्यता :

(क) नवीन एवं सिर्जनशील सोचलाई उद्यम व्यवसायको रूपमा रूपान्तरण गरी तीव्र वृद्धिको सम्भावना भएका उद्यमी ।

(ख) प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगको रूपमा दर्ता गर्ने निकायमा दर्ता भएका उद्यमी ।

### २. निम्नानुसार भएका उद्यमीलाई प्राथमिकता दिइनेछ :

- उद्यमहरू : सबै व्यवसाय क्षेत्रहरूबाट स्टार्टअप उद्यमी, साना तथा मझौला उद्यमीहरू आवेदन दिन योग्य छन् (ट्रेडिङ व्यवसायहरूबाहेक)। स्थानीय उत्पादन, जलवायु-स्मार्ट समाधान, पर्यटन र सांस्कृतिक सम्पदा उद्यमहरू, सहरी विकास समाधानहरू वा कुनै दिगो विकास लक्ष्यहरूमा आधारित विषयहरूमा केन्द्रित उद्यमहरूलाई प्राथमिकता दिइनेछ। त्यसैगरी महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका उद्यमीहरूलाई प्राथमिकता दिइनेछ।
- दर्ता स्थिति : नेपाल सरकार कानुन अनुसार दर्ता भएका स्टार्टअप उद्यमी, लघु, घरेलु तथा साना मझौला उद्यमहरू योग्य हुनेछन्।

### ३. आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजात :

- उद्यमशीलताको क्षेत्रमा भएको नवीन एवं सिर्जनाशील सोचको प्रयोग भएको स्व:घोषणा,
- फर्म, कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- उद्योग दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
- स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

### ४. आवेदन फारमको ढाँचा, पेश गर्ने स्थान र समय

- आवेदन फारम दुई तरिकाबाट पेश गर्न सकिनेछ।

  (क) विद्युतीय माध्यमबाट (Google फारम)

  (ख) भौतिक माध्यमबाट

विद्युतीय माध्यमबाट आवेदन पेश गर्नका लागि निम्नानुसारको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ :

- Google वा Chrome मा गई https://forms.gle/uM2onpLYX5ixN2o9A फर्म भर्नुहोस्।
- आवेदन फारमको ढाँचा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको वेवसाइट WWW.iedi.org.np मा राखिएको छ। भौतिक रूपमा (अफलाइन) भर्नेका लागि उक्त ढाँचा डाउनलोड गरी भर्न सकिनेछ।
- भौतिक रूपमा (अफलाइन) मार्फत आवेदन फारम भर्न चाहनेले प्रतिष्ठानको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा कार्यालय समयभित्र हार्डकपी (Hardcopy) बुझाउनुपर्नेछ।
- फारम भर्दा कुनै दुविधा भए औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सम्पर्क नम्बर ०१-५३६६१६२, ५३६६१६३ मा सम्पर्क गर्न सकिनेछ।
- अनलाइन (विद्युतीय माध्यम) वा अफलाइन (भौतिक) दुवै माध्यमबाट फारम बुझाउने अन्तिम दिन कार्यालय समय (४ बजे) भित्र बुझाउन सकिनेछ।

## ५. छनौट प्रक्रिया :

| क्र.सं. | छनौट मापदण्ड | मापदण्ड विवरण | अङ्कभार व्याख्या (अङ्कभार १-५) |
|---|---|---|---|
| १ | सम्भावित सामाजिक प्रभाव | (क) रोजगारी सिर्जना गर्ने सक्ने दिगो र स्थानीय अर्थतन्त्रमा रूपान्तरणकारी प्रभाव पार्ने उद्यमहरू ।<br><br>(ख) समुदाय र एकताको भावना प्रवर्द्धन गर्ने प्रयासमा उत्कृष्ट प्रदर्शन गर्न सक्ने । पहलहरू नवीन, समावेशी, र समुदायको समन्वय र विकासमा महत्वपूर्ण सकारात्मक प्रभाव पर्ने किसिमका रहेको ।<br><br>त्यस बाहेक, कम्पनीले आफ्नो व्यवसाय मार्फत समाधान गर्न खोज्ने विशिष्ट सामाजिक समस्याको समाधान प्रस्तुत गर्न सक्षम हुनु पर्दछ । | स्कोरिङ स्केल (अधिकतम स्कोर ५)<br>क) अङ्क ५ : उच्च स्तरका रूपमा समुदाय निर्माणका पहलहरू / सक्रिय रोजगारी सिर्जना गर्न सक्ने । असाधारण प्रभावकारी रूपान्तरण ल्याउने शैक्षिक पहलहरू भएको ।<br><br>ख) अङ्क ४ : उल्लेखनीय रोजगारी सिर्जना गरेको / प्रभावकारी समुदाय संलगनता / उत्कृष्ट शैक्षिक प्रभाव पार्न सफल ।<br><br>ग) अङ्क ३ : मध्यम रूपमा रोजगारी सिर्जना / मध्यम रूपमा समुदाय निर्माण प्रयास / उद्यमद्वारा मध्यम रूपमा शैक्षिक पहलहरू<br><br>घ) अङ्क २: केही रोजगारी सिर्जना गरेको / केही समुदाय संलग्न गतिविधिहरू / केही शिक्षण कार्यक्रम सुरू गरिएका ।<br><br>ङ) अङ्क १: न्यूनतम रोजगारी सिर्जना / सीमित समुदाय संलग्नता / न्यूनतम पहुँचका साथ सीमित शैक्षिक प्रयासहरू । |
| २ | सम्भावित वातावारणीय प्रभाव | क) कम्पनीको वातावरणमा प्रत्यक्ष प्रभाव पारेको । | अङ्कभार (अधिकतम स्कोर ५)<br><br>क) अङ्क ५: सकारात्मक वातावरणीय प्रभाव सिर्जना गर्ने उच्च स्तरको प्रतिबद्धता।, वातावरणमा सक्रिय योगदान । |

| | | | |
|---|---|---|---|
| | | ख) कम्पनीले उपभोक्ताहरूमा वातावरणीय चेतना पुऱ्याएको ।<br><br>ग) कम्पनीले वातावरणको बारेमा मात्र सचेतना बढाएको तर वातावरणमा प्रत्यक्ष प्रभाव नपारेको।<br><br>घ) कम्पनीको प्रयास न्यूनतम रहेको, चेतनाको स्तर न्यून भएको साथै कुनै रणनीति नभएको।<br><br>ङ) कम्पनीको वातावरणमा कुनै असर नरहेको। | ख) अङ्क ४ः वातावरणीय रणनीतिहरू र अभ्यासहरू सक्रिय रूपमा कार्यान्वयन भएको, र यसको समाधानमा नवीनता भएको ।<br><br>ग) अङ्क ३ः सञ्चालन स्तरमा विभिन्न उपायहरू स्पष्ट भएको र समावेश गर्न सुरु गरेको , तर सुधार गर्न आवश्यक रहेको ।<br><br>घ) अङ्क २ : रणनीतिहरू वा अभ्यासहरू लागू गर्न सुरु गरेको तर व्यवसाय मोडेलहरु संचालन स्तरमा पूर्ण रूपमा लागू नगरिएको ।<br><br>ङ) अङ्क १ः वातावरणीय समस्याहरूको समाधान गर्न कुनै पहल वा अभ्यासहरू नगरिएको । वातावरणीय समस्या समाधानमा खासै भूमिका नदेखिएको । |
| ३ | आफ्नो व्यवसायको र यसको दिगोपनको ज्ञान | आफ्नो व्यवसायलाई दिगोपना र नवीन विचार अथवा समाधान एकीकृत गर्न इच्छुकता र क्षमता प्रदर्शन गर्दछ।कम्पनीले आफ्नो व्यवसायलाई कायम राख्न नवीन र रचनात्मक तरिकाहरू प्रदर्शन गर्दछ, आदि। | अङ्कभार (अधिकतम स्कोर ५)<br><br>क) अङ्क ५ : कम्पनीसँग उच्च स्तरको नवीन विचार र एकीकृत दिगो व्यवसाय विचारहरू छन् र परियोजनाबाट उनीहरूले आफ्ना सदस्यहरूलाई आफ्नो कम्पनीको व्यवसाय मोडेललाई सुदृढ गर्न सक्षम बनाउन सक्षम छ ।<br><br>ख) अङ्क ४ः कम्पनीसँग पुनर्विचार, पुनः प्रयोग, पुनः प्रयोग र नवप्रवर्तनात्मक सोचको प्रयोग गरेर दिगो समाधान छ। परियोजना मार्फत कम्पनी आफ्नो समाधान प्रोटोटाइप / परीक्षण गर्न चाहन्छ ।<br><br>ग) अङ्क ३ः कम्पनी आफ्नो व्यवसाय मोडेल भित्र नवाचार समावेश गर्न इच्छुक छ तर तिनीहरू एक दिगो व्यवसाय मोडेल तिर सिक्न र नवीनता खोजिरहेका छन् ।<br><br>घ) अङ्क २ः कम्पनीले अझै नयाँ आविष्कार गर्ने सम्भावना देखेको छैन तर सिक्न उत्सुक छ ।<br><br>ङ) अङ्क १ः आफ्नो कम्पनीमा दिगोपना र नवीन विचार अथवा समाधान र कुनै किसिमको नवीन ता एकीकृत गर्ने कुनै पहल वा धारणा प्रदर्शन गर्दैन । |

## ६. थप जानकारी

- सर्टलिस्टिङमा परेका, अन्तर्वार्ताका लागि योग्य भएका र अन्तिम छनोटमा परेका आवेदनहरूको विवरण वेवसाइट www.iedi.org.np मा राखुका साथै छनौट भएका ईन्क्युबेटीहरूलाई इमेल, फोनमार्फत समेत जानकारी गरिनेछ।
- यससँग सम्बन्धित सम्पूर्ण सूचना प्रतिष्ठानको वेवसाइट www.iedi.org.np मा राखिनेछ।
- यससँग सम्बन्धित थप जानकारी लिनुपर्ने भए प्रतिष्ठानको सम्पर्क नम्बर ०१-५३६६१६२/०१-५३६१३३९ मा सम्पर्क गरी वा कार्यालय समयभित्र कार्यालयमै उपस्थित भई जानकारी लिन सकिनेछ।

**पुनश्च : तालिमका दिन सहभागीलाई आवश्यक शैक्षिक सामाग्रीहरू र खाजा मात्र प्रदान गरिनेछ।**